# नेपाल राजपत्र

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ३३) काठमाडौं, चैत १३ गते २०४० साल (अतिरिक्ताङ्क ६० (क)

श्री ५ को सरकार

### पञ्चायत तथा स्थानीय विकास मन्त्रालयको

### सूचना

श्री ५ को सरकारले नगर पञ्चायत ऐन, २०१९ को दफा ४४ को उप-दफा (१) र १ (क) ले दिएको अधिकार प्रयोग गरी दमक नगर पञ्चायत र नगर सभाको बैठकसम्म पनि बस्न नसकी निष्क्रिय हुन गएकोले दमक नगर पञ्चायत र नगर सभा-लाई भङ्ग गरी अर्को निर्वाचन नभएसम्मको लागि उक्त नगर पञ्चायतको कार्य सञ्चालन गर्न सोही ऐनको दफा ४४ को उप-दफा (२) को अधिकार प्रयोग गरी पञ्चायत तथा स्थानीय विकास मन्त्रालयका उपसचिव श्री चूर्णबहादुर वज्राचार्यको अध्यक्षतामा दमक नगर पञ्चायतका प्रधान अधिकृत श्री गणेशबहादुर थापा सदस्य भएको दुई सदस्यीय समिति गठन गरेकोले यो आदेश जारी गरिएको छ ।

आज्ञाले,
मुक्तिप्रसाद काफ्ले
श्री ५ को सरकारको सचिव

श्री ५ को सरकारको छापाखाना, सिंहदरबार, काठमाडौंमा मुद्रित । 639

मुद्रण विभाग सिंहदरबार
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागू हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

632